पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्युटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्युजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुविधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ८१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत २२ गते शुक्रबार ❑ 4 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## फेवातालको किनारामा मापदण्ड विपरितका भौतिक संरचना निर्माण कार्य रोकिएन

पोखरापत्र संवाददाता
पोखरा, २१ चैत



फेवातालको किनारामै मापदण्ड विपरितका भौतिक संरचना निर्माण कार्य तिब्र पारिएका छन्।

विभिन्न व्यवसाय तथा घर एवं भवन बनाउने उद्देश्यले केही व्यवसायीहरुले फेवातालको किनार छेउ २ मिटरदेखि ३० मिटिर भित्रै भौतिक संरचना निर्माण गर्न लागेको स्थानीयले बताउनुभयो। पोखराको सेदीमा २ वटा घर तथा भवन निर्माण कार्य हाल जारी रहेको छ भने पखौदीमा अर्को घर तथा टहरा निर्माण हुदैछ। पोखरा महानगरपालिकाको टोलीले उक्त घर तथा भवन एवं टहरा मापदण्ड विपरित निर्माण हुन लागेकोमा पटक पटक चेतावनी दिदै मजदुरका सामानहरु जफत समेत गर्दै आएको छ। पोखराको फेवातालमा मापदण्ड विपरितका भौतिक संरचना बनाउन लागेको दिन देखि आफुहरुको टोलीले निर्गानी गर्दै आउदा हटेरी गरी भौतिक संरचना निर्माण गरेको पोखरा महानगरपालिकाका नगर प्रहरी प्रमुख पुरुषोत्तम थापाले बताउनु भयो। मेयरको आदेश आएको खण्डमा उक्त भौतिक संरचनाहरु भत्काउन पनि आफूहरु पछि नपर्ने उहाँको भनाई थियो। पोखराको खपौदी क्षेत्रमा भवन तथा टहरा हाल निर्माण हुदै गरेको अवस्थामा नगर प्रहरीको टोली पुगेर केही सामान जफत गरेको छ। नगर प्रहरी बिष्णु भुजेल सहितको टोलीले अमृत पहारीले निर्माण गर्दै गरेको भवन तथा टहराबाट जावेल, घन, कराई वेल्चा, गौची जफत गरेको छ। पोखराको सेतीमा वसन्त लिगर र दाहालले भवन बनाउदै हुनुहुन्छ। खपौदीमा फेवाताल किनारमै भवन तथा टहरा निर्माण गर्दै गर्नु भएको अमृत पहारीले आफ्नो रातो पूर्जा भएको जमिनमा टहरा बनाउन लागेको बताउनु भयो। पुरानो टहरा चुहीने भएकोले हाल मर्मत संहार गरेको बताउदै उहाँले फेवाताल किनारबाट ६५ मिटर छाड्नु पर्ने अवस्था सबैमा लागु भएको अवस्थामा भने छाड्न र भौतिक संरचना हटाउन तयार रहेको जनाउनुभयो।

रामसारमा सुचिकृत भएको विश्वकै ऐतिहासिक तथा पर्यटकीय स्थल फेवातालमा हाल अनुमति विना सिंसार क्षेत्रमा माटो तथा ढुंगाले दलदल भाग पुरेसगै भौतिक संरचना निर्माण कार्य रोकिएको छैन्। पोखरा महानगरले सिंसार र रामसार क्षेत्र तथा फेवातालको क्षेत्र कति हो त्यसको सिमाङकन गर्न नसक्दा फेवातालको माथिल्लो भाग पुर्ने काम भएको पोखराका केही व्यवसायको भनाई छ। बिषयमा पोखरा महानगरपालिका वडा नम्बर २३ का वडा अध्यक्ष रामकाजी श्रेष्ठले आफुहरुले दिउसो हेर्दा तालको सिंसार क्षेत्रमा खासै माटो पुर्ने काम नभएको तर रातारात माटो पुर्ने कार्य भईरहेको बताउनु भयो। आफुले महानगरलाई जानकारी गराए पनि प्रहरी प्रशासनले समेत खासै वास्ता नगरेको उहाँको भनाई छ। यस बिषयमा पोखरा महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत शिवराज चौलागाईले मापदण्ड विपरित भौतिक संरचना निर्माण गर्ने उपर कार्वाहि गर्ने चेतावनी दिनुभयो। फेवातालको क्षेत्रफल ५ दशमलव ७ सय २६ वर्ग किलोमिटर अर्थात ११ हजार २ सय ५५ रोपनी ११ आना १ पैसा भएको एक अध्ययनले देखाएको छ। फेवातालको चार किल्ला पूर्वमा 'ड्यामसाइड, पश्चिममा मोरेबगर, उत्तरमा खपौंदी-चन्‍ पुर बीचको दम्किलो र दक्षिणमा चिसापानी रानी वन' कायम गर्ने, फेवातालको तल्लो तटीय क्षेत्र (ड्यामसाइड, रानीवन, गौरीघाट, लेकसाइड, गैराको चौतरा, सेदी, खपौंदी, लामीडाँडा, अनदु समेतको क्षेत्र) मा वर्षायामको अधिकतम पानीको किनारालाई तालको सीमाना मान्ने प्रतिवेदनमा उल्लेख छ।

## संविधान विरोधी गतिविधि गर्न कसैलाई छुट छैन : सञ्चारमन्त्री गुरुङ

पोखरापत्र संवाददाता
स्याङ्जा, २१ चैत



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले संविधानमाथि आँच आउने गरी गतिविधि गर्न कसैलाई छुट नभएको बताउनुभएको छ।

स्याङ्जाको वालिङ नगरपालिका-१३ उदियाचौर स्थित सरस्वती माध्यमिक विद्यालयको स्वर्ण महोत्सव समारोहलाई सम्बोधन गर्दै सञ्चारमन्त्री गुरुङले गणतन्त्र तथा संविधान विरोधी गतिविधि गर्ने छुट कोहीलाई पनि नभएको बताउनुभयो। हिंसात्मक गतिविधि, लुटपाट, आगजनी तथा शान्तिसुरक्षा खलल पार्नेगरी संविधान विरोधी गतिविधि गर्नेलाई राज्यद्रोहको मुद्दा लगाउन सकिने उहाँले बताउनुभयो। "गणतन्त्रको युगमा राजतन्त्र खोज्नु बिजुलीको युगमा अगुल्टो खोज्नु जस्तै हो", सञ्चारमन्त्री गुरुङले भन्नुभयो, "अहिले देश धेरै अगाडि गइसकेको छ, अब पछाडि फर्किन सम्भव छैन, राजतन्त्र आउने कुरा कल्पना बाहिरको कुरा हो।" नागरिकले राजनीतिक दलहरुबाट गरेका आशा तथा अपेक्षा चाहेअनुरुप पूरा हुन नसके पनि गणतन्त्रपश्चात् विकासले धेरै फड्को मारेको सञ्चारमन्त्री गुरुङको भनाइ थियो। मुर्खहरु मात्रै निरकुंश राजतन्त्र ल्याउनुपर्छ भनेर लाग्ने गरेको उल्लेख गर्दै उहाँले सज्जनले यस्तो कुरा उठाउनै नसक्ने बताउनुभयो।

"राजतन्त्र त्यो दिन सकियो जुन दिन नारायणहिटी दरबार हत्याकाण्ड भएको थियो", उहाँले भन्नुभयो। स्वर्णमहोत्सव समारोहमा पूर्वमन्त्री पद्‍माकुमारी अर्यालले नेपाली समाज धेरै अगाडि बढिसकेकाले अब पछाडि नफर्किने बताउनुभयो। उहाँले भन्नुभयो, "हल्लाका पछि कोही पनि नजाउ, हल्लाले बिगार्छ।" कार्यक्रममा पूर्वमन्त्री जगत् विश्वकर्मासमेत उपस्थित हुनुहुन्थ्यो। विसं २०३२ मा स्थापना भएको उक्त विद्यालयमा कक्षा १२ सम्म पठनपाठन हुँदै आएको छ। यहाँ छात्रबास सञ्चालनको समेत तयारी भइरहेको छ। स्वर्णमहोत्सवका अवसरमा जग्गादाता, चन्दादाता, पूर्वप्रधानाध्यापक तथा शिक्षक शिक्षिकाहरु, विद्यार्थीलगायतलाई सम्मान गरिएको थियो।

## घिसिङलाई अन्तरिम आदेश दिन अस्वीकार

रासस
काठमाडौं, २१ चैत

सर्वोच्च अदालतले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाएपछि पुनः बहालीको माग गर्दै दायर भएको रिटमा कुलमान घिसिङलाई अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। न्यायाधीशहरू डा कुमार चुडाल र नित्यानन्द

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जनतासँग सम्बन्ध सुदृढ गर्न जागरण अभियान : अध्यक्ष दाहाल

रासस
काठमाडौं, २१ चैत

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताका कुरा सुन्न र सम्बन्ध सुदृढ गर्न हुलाकी राजमार्ग केन्द्रित तराई मधेस जागरण अभियान पुनः थालिएको बताउनुभएको छ।

अभियानअन्तर्गत माओवादी केन्द्र बाँकेले आज नेपालगञ्जमा आयोजना गरेको नागरिक अन्तरसंवाद कार्यक्रममा पूर्वप्रधानमन्त्री दाहालले विगतमा जनताको भावना बुझ्न नसकेकाले अहिले भूगोलमै पार्टी नेतृत्व खटिएको उल्लेख गर्नुभयो। "विगतमा नेता कार्यकर्ताको घेराबन्दीमा परेर गल्ती गरियो, अब हामी नेता कार्यकर्ताको रिपोर्टमा भर पर्दैनौं, सिधै जनताका कुरा सुन्न आएका छौं", उहाँले भन्नुभयो, "हामी सच्चिन तयार छौं, सच्चिन्छौं र जनतासँगको सम्बन्ध सुदृढ बनाउँछौं।"

हुलाकी राजमार्ग छेउछाउ सिमाना नजिक बस्ने नागरिकको अवस्था र भावना बुझ्न जनताको घरघरमा आफूहरु पुग्ने गरेको अध्यक्ष दाहालको भनाइ थियो। उहाँले भन्नुभयो, "जनताकै घरमा बसेर जनताका कुरा सुन्न चाहेका छौं।" राजनीतिक दल र नेताको आचरणले गर्दा जनतामा असन्तुष्टि बढ्दै गएका कारण प्रतिगमनले टाउको उठाएको उल्लेख गर्दै अध्यक्ष दाहालले योभन्दा परिस्थिति बिग्रिए मुलुकमा ठूलो दुर्घटना हुने भएकाले सबै गणतन्त्रवादी जिम्मेवार भएर लाग्न जरुरी भएको बताउनुभयो। "राजावादीको चरित्र जे थियो त्यो चैत १५ गते देखियो। हामीले शालिन तरिकाले जवाफ दियौँ", उहाँले भन्नुभयो, "प्रतिगमनविरुद्ध अभियान छेडेर प्रतीकार गर्‍यौं।" माओवादी केन्द्र बाँकेका संयोजक नरेन्द्र पाण्डेको अध्यक्षतामा भएको नागरिक अन्तरसंवाद कार्यक्रममा नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष टङ्क धामी, पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठ र अब्दुल वाहिद मन्सुरी, महेन्द्र बहुमुखी क्याम्पसका प्रमुख लालमणी आचार्य, अधिकारकर्मी भोला महत, जडीबुटी व्यवसायी सङ्घका अध्यक्ष टङ्क शर्मा, पत्रकारहरु जे पाण्डे, फलक गैरे, शरण कर्माचार्य लगायतले लोकतन्त्रको विकल्प लोकतन्त्र नै भएकाले राजनीतिक दल र नेता सच्चिनुपर्ने सुझाव दिनुभएको थियो।

कार्यक्रममा माओवादी केन्द्रका उपाध्यक्षत्रय नारायणकाजी श्रेष्ठ, अग्नीप्रसाद सापकोटा र कृष्णबहादुर महरा, महासचिव देव गुरुङलगायत केन्द्रीय नेताहरुको सहभागिता रहेको थियो।

## औद्योगिक ग्राममा बाँस तथा फलामजन्य सामग्री उत्पादन सुरु

पोखरापत्र संवाददाता
दमौली, २१ चैत

तनहुँको आँबुखैरेनी गाउँपालिकाले स्थापना गरेको औद्योगिक ग्रामबाट बाँस तथा फलामजन्य सामग्री उत्पादन सुरु भएको छ। आँबुखैरेनी-२ मार्कीचोकमा स्थापना गरिएको औद्योगिक ग्रामबाट विभिन्न प्रकारका सामग्री उत्पादन सुरु भएको हो।

स्थानीय जनशक्ति, स्थानीय सीप, स्थानीय स्रोत साधन र आधुनिक उपकरणको प्रयोग गरी सामग्री उत्पादन हुन थालेको आँबुखैरेनीका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो। उहाँका अनुसार बाँसबाट बनेका सोफासेट, फोलुङ्गा, डाइनिङ सेट, मुडा, नाङ्लोलगायतका सामग्री बिक्रीका लागि तयार भएका छन्।

त्यस्तै फलामजन्य व्यायमका सामग्री, ठेलागाडा, पिङ लगायतका सामग्री उत्पादन भएका छन्। गरिबी निवारणका लागि गाउँपालिका र बाँस तथा कृषि औजारसम्बन्धी उद्योग स्थापना गरेको हो। मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममार्फत गाउँपालिकाले बाँस र कृषि औजारका सामग्री उत्पादनका लागि उद्योग स्थापना गरेको चुमानले बताउनुभयो। उहाँले भन्नुभयो, "नवीनतम् ज्ञान, सीप, सोच र सिर्जनशीलता प्रवर्द्धन गर्ने उद्देश्यले गाउँपालिकाले उद्योग स्थापना गरेको हो, उद्योग स्थापनाका लागि प्रदेश सरकारले आर्थिक सहयोग गरेको छ।" उद्योगबाट बाँसजन्य सामग्री सोफा, कुर्ची, टेबल निर्माण गरिनेछ। गाउँपालिकाभित्र रहेका विपन्न समुदायलाई घरेलु सीप सिकाएर आयआर्जनसँग जोड्ने लक्ष्य रहेको चुमानको भनाइ छ। उद्योगबाट फलामजन्य सामग्री पनि उत्पादन गरिनेछ। विशेषगरी यहाँबाट कृषि औजार उत्पादन गरिनेछ। चुमानका अनुसार कृषि उत्पादनका लागि सहयोगी बन्ने खालका आधुनिक यन्त्र उत्पादन गरिनेछ। त्यस्तै सामुदायिक विद्यालयका लागि आवश्यक डेस्क, बेञ्चलगायत सिकाइ सामग्री उद्योगबाट स्थापना गरिनेछ। गाउँपालिका सामुदायिक विद्यालयमा सुधारमा लागिरहेको र सामुदायिक विद्यालयका लागि आवश्यक सामग्री उद्योगबाटै निर्माण हुने चुमानको भनाइ छ। उद्योगलाई दिगोरूपमा सञ्चालन गर्न लागि कम्पनीको रूपमा विकास गर्ने योजना छ। त्यसका लागि गाउँपालिकाभित्रका वित्तीय संस्था एवं समूहसँग साझेदारी गरिने चुमानले बताउनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपाल अफगानिस्तानसँग पराजित

**रासस**
काठमाडौं, २१ चैत

नेपाली यु-१९ राष्ट्रिय क्रिकेट टोली अफगानिस्तानको यु-१९ टोलीसँग पराजित भएको छ । माथिल्लो मुलपानी क्रिकेट मैदानमा बिहीबार भएको खेलमा नेपाल अफगानिस्तानसँग १३० रनको फराकिलो अन्तरले पराजित भएको हो । जितसँगै अफगानिस्तानले तीन खेलको शृङ्खलाको अभ्यास खेलमा १-० को अग्रता बनाएको छ ।

अफगानिस्तानले दिएको ३०१ रनको लक्ष्य पछ्याएको नेपाल ४६ दशमलव २ ओभरमा सबै विकेट गुमाउदै १७० रनमा समेटियो ।

नेपालका लागि ओपनर निरजकुमार यादवले ६१ बलमा ४ चौका र २ छक्काको सहयोगमा ५३ रनको अर्धशतकीय पारी खेले भने सन्तोष यादवले ३९ बलमा १ चौकाको सहयोगमा २४ रन बनाए । त्यस्तै अशोक धामीले २४, अभिषेक तिवारीले १७ तथा कप्तान नरेन भट्टले १३ रन जोडे ।

नेपाललाई १७० रनमा समेट्नेक्रममा अफगानिस्तानका वाहिदुल्लाह जाद्रान, जियाउल्लाह शाहीदी र मेहबुब खानले समान दुई /दुई विकेट लिए । त्यस्तै अब्दुल अजिज, नोरिस्तानि उमजाईं र नजिफुल्लाह अमिरिले समान एक /एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको अफगानिस्तानले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर ३०० रन बनाएको थियो । अफगानिस्तानका लागि फैसल खान शिनोजादाले सर्वाधिक ९७ रनको योगदान दिए । उनले ८८ बलमा ९ चौका र चार छक्काको मद्दतमा ९७ रन बनाएका हुन । त्यसैगरी खालिद अहमदजाईले १०७ बलमा ६ चौकासहित ७६, बर्खत इब्राहिमजाईले ३५, उजाइरुल्लाहले २४, अजिज मिय खहिलले २१ र नजिफउल्लाह अमिरीले १० रन बनाए ।

नेपालका लागि सन्तोष यादवले तीन विकेट लिए भने अभिषेक तिवारीले दुई तथा दयानन्द मण्डल र विपिनप्रसाद शर्माले समान एक/एक विकेट लिए । नेपाल र अफगानिस्तान यु १९ पुरुष विश्वकपको एसिया छनोटको तयारीमा छन् । जसअन्तर्गत छनोटअघि दुवै टोलीले तीन खेलको अभ्यास शृङ्खला खेल्न लागेका हुन् । अब उक्त शृङ्खलाको दोस्रो खेल यही चैत २४ गते हुनेछ ।

# ल्वाङगाउँमा ३१ औं चैत्र दशैं मेला हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

कास्कीको पर्यटकीय गाउँ ल्वाङमा ऐतिहासिक ३१ औं चैत्र दशैं मेला आयोजना हुने भएको छ ।

स्थानीय ग्रिनहिल युवा क्लबले कास्कीको माछापुच्छ्रे गाउँपालिका ८ मा 'चैत्र दशैं मेलाको निकाश, पर्यटन संस्कृति र ग्रामिण पर्यटनको विकास' भन्ने नारासहित मेला आयोजना हुने भएको हो । क्लबका अध्यक्ष सुजन गुरुङका अनुसार उक्त मेला यही २४ गतेदेखि २७गतेसम्म ल्वाङगाउँको खेलमैदानमा सञ्चालन हुनेछ । सो मेलामा मुख्य आकर्षणको रुपमा क्लबस्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता समावेश गरिएको अध्यक्ष गुरुङले बताए । पुरुष भलिबलतर्फको विजेता टिमलाई नगद १ लाख १० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने अध्यक्ष गुरुङले बताए ।

यस्तै उपविजेता टिमलाई नगद रु ६० हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । तृतीय स्थान हाँसिल गर्ने टिमले नगद रु २० हजारसहित शिल्ड, मेडल तथा प्रमाणपत्र हात पार्नेछ । भने, सान्त्वना स्थान हाँसिल गर्ने टिमलाई नगद रु १० हजारले पुरस्कृत गरिनेछ ।

यसैगरी महिलातर्फ प्रथम हुने टिमलाई नगद रु २० हजार, द्वित्तियलाई १० हजारसहित शिल्ड, मेडल तथा प्रमाणत्र प्रदान गरिने खेल संयोजक अनोद गुरुङले बताए । उनका अनुसार सो मेलामा छेलो हान्ने, रस्साकस्सी, म्युजिकल चियर,बेलुन फुटाउने प्रतियोगिता, विविध साँस्कृतिक कार्यक्रम, लाइभ कर्न्सट, ख्यातीप्राप्त लोक तथा दोहोरी कलाकार हरुको बेजोड प्रस्तुती रहनेछ ।

# वैदिक गुरुकुलीय पद्धति अनुसारको शिक्षाका लागि आकर्षण बन्दै राधाकृष्ण गुरुकुल

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

पोखरा महानगरपालिका वडा नं ३२ लामेआहालमा सञ्चालित राधाकृष्ण गुरुकुल संस्कृत विद्यालय वैदिक गुरुकुलीय पद्धति अनुसारको शिक्षाका लागि विद्यार्थी तथा अभिभावकको आकर्षण बन्दै गएको छ । कक्षा ६ देखि १० सम्म निशुल्क आवास र भोजनको व्यवस्था गर्दै आएको विद्यालयमा हाल देशका विभिन्न जिल्लाबाट आएका २९ जना विद्यार्थी अध्ययनरत छन् ।

गुणस्तरीय शिक्षामा जोड दिदै आएको यस विद्यालयलाई वैदिक गुरुकुलीय पद्धति अनुसारको गुणस्तरीय शिक्षाका लागि महत्वपूर्ण केन्द्रका रुपमा विकास गर्ने लक्ष्य राखिएको विद्यालयका प्रधानाचार्य प्रकाश उपाध्याय(रेग्मी)ले जानकारी दिनुभयो ।



उहाँका अनुसार विद्यालयले निशुल्क आवाश एवम् भोजनको व्यवस्था सहित विद्यार्थीलाई विभिन्न अतिरिक्त कृयाकलापमा पनि संलग्न गराउँदै आएको छ । विद्यालयले साप्ताहिक अतिरिक्त कृयाकलाप अन्तर्गत संस्कृतभाषा सम्भाषण, बक्तृत्कला, हाजिरीजवाफ, प्रवचन, वादविवाद, कविता, खेलकुद आदि सञ्चालन गरेको छ भने योगाभ्यास, संगीत शिक्षा आदि सञ्चालन गरिरहेको छ ।

वार्षिक रुपमा शैक्षिक अवलोकन भ्रमण, बनभोज जस्ता विभिन्न कृयाकलापका साथै अनुशासित तथा जेहेन्दार विद्यार्थीलाई विशेष छात्रबृत्तिको व्यवस्था समेत गरिएको उहाँले जानकारी दिनुभयो । प्रधानाचार्य रेग्मीका अनुसार विद्यालयमा नेपाली, अंग्रेजी, गणित, सामाजिक, वेद, व्याकरण, संस्कृत भाषा, कर्मकाण्ड, गीत कम्प्युटर आदि विषय पठपाठन हुँदै आएका छन् । विद्यालयले यस शैक्षिक वर्षका लागि पनि सिमित सिटका लागि कक्षा ६, ७, ८ र ९ मा आवेदन फारम आह्वान गरेको सहायक प्रधानाचार्य प्रविण पौडेलले जानकारी दिनुभयो । आगामी फागुन ८ गतेसम्म फाराम आह्वान गरिएको र प्राप्त आवेदन अनुसार वैशाख ९ गते प्रवेश परीक्षा गरिने भएको उहाँले जानकारी दिनुभयो । निम्बार्क सम्प्रदायको विस्तार गर्ने लक्ष्यका साथ विसं २०२२ मा राधाकृष्ण मन्दिर स्थापना भएपछिको महत्वपूर्ण उपलब्धिका रूपमा यहाँस्थित वृद्धाश्रम र गुरुकुल संस्कृत विद्यालयलाई लिने गरिएको स्थानीयवासी बताउँछन् । मन्दिर स्थापनाको पाँच दशकपछि विसं २०७० मा स्वीकृति प्राप्त गरी २०७१ सालबाट राधाकृष्ण गुरुकुल संस्कृत विद्यालय सञ्चालनमा ल्याइएको हो ।

शुक्लागण्डकीको पावन तट पोखरा र मुक्तिनाथको प्रवेशद्वार गगन, च्यवन आदि ऋषिहरूको तपस्थलिमा रहेको यस विद्यालयलाई महत्वपूर्ण शैक्षिक गन्तव्यका रुपमा विकास गर्न खोजिएको छ । संस्कृत माध्यमिक विद्यालयको पाठ्यक्रममा आधारित रही गुणस्तरीय शिक्षाका लागि विद्यालय निरन्तर कृयाशिल रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्रप्रसाद रेग्मीले बताउनुभयो ।

# दोस्रो संस्करणको 'केपी ओली कप' क्रिकेट शनिबारदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, २१ चैत

पोखरामा यहीं चैत २३ देखि ३० गतेसम्म दोस्रो संस्करणको 'केपी ओली कप टि-२० राष्ट्रिय पुरूष क्रिकेट' सुरु हुँदैछ ।

मदन भण्डारी स्पोर्टस एकेडेमीले एकेडेमीका संरक्षक रहनुभएका प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीको नाममा प्रतियोगिता गर्न लागेको हो ।

पोखरा रङ्गशालामा खेल सञ्चालन हुने आयोजकले जनाएको छ । प्रतियोगितामा १६ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्ने एकेडेमीका अध्यक्ष धुव्र आचार्यले जानकारी दिनुभयो । सहभागी टोलीलाई चार समूहमा विभाजन गरिएको छ । हरेक समूहमा रहेका टिमले एकअर्कासँग एक/एक खेल खेलेपछि चारवटै समूहका शीर्ष चार टिम सेमिफाइनल प्रवेश गर्ने छन् ।

प्रतियोगिताको समूह 'ए' मा सीइसी काठमाडौं, हेटौंडा एसए, पोखरा महानगर सिसी र स्याङ्जा सिसी छन् । समूह 'बी' मा चितवन सिसी, ग्रेट हिमालयन सिए, गण्डकी हिरोज सिसी र हिमालयन सिए छन् । यसैगरी समूह 'सी' मा लुम्बिनी खुकुरी सीसी, मधेस प्रदेश सिसी, हिमाल फ्रेन्ड्स र कर्णाली एकेडेमी छन् । समूह 'डी' मा सुन्दरहरैंचा आइसिसी, अत्तरिया सिए, माइपोखरी सीसी र होराइजन सिसी छन् । 'लिग कम नक आउट' का आधारमा हुने प्रतियोगितामा उपाधि विजेता टिमले नगद रु १० लाख र उपविजेतालेनगदरुपाँचलाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यसैगरी 'प्लेयर अफ द सिरिज' ले रु ३० हजार, वेष्ट बलर, बेष्ट व्याटरले जनही रु १० हजार र 'प्लेयर अफ द म्याच'ले रु पाँच हजारका साथमा ट्रफी प्राप्त गर्ने आयोजकले जनाएको छ ।

प्रतियोगिताका माध्यबाट क्रिकेट खेलको विकास तथा पोखराको खेलपर्यटनप्रवर्द्धनमा सहयोग पुग्ने अध्यक्ष आचार्यले बताउनुभयो । पोखरामा नै गत वर्ष सम्पन्न पहिलो संस्करणमा मधेश प्रदेसले उपाधि जितेको थियो ।

# अतिरिक्त हुलाक कार्यालय धमाधम बन्द हुँदै

**रासस**
गोरखा, २१ चैत

जिल्लाको हुलाक कार्यालय मातहत रहेका अतिरिक्त हुलाक कार्यालय बन्द भएका छन् । चिठी आदानप्रदान कम हुन थालेपछि २१ वटा कार्यालय बन्द गरिएको हो । यसअघि जिल्लामा कूल ५६ अतिरिक्त हुलाक कार्यालय थिए ।

सरकारको निर्णयअनुसार उक्त कार्यालय खारेज गरिएको कार्यालयका सूचना अधिकारी नगेन्द्र आलेमगरले बताउनुभयो । "सरकारले गतवर्ष प्रस्तुत गरेको बजेटमा अतिरिक्त हुलाक कार्यालय खारेज गर्ने निर्णय गरेको थियो", उहाँले भन्नुभयो, "सोही बमोजिम जिल्लामा अतिरिक्त कार्यालय बन्द भएका हुन् ।" त्यहाँ कार्यरत कर्मचारीलाई गत साउनमा नै सेवा सुविधा दिएर घर पठाइएको उहाँले जानकारी दिनुभयो । एउटा इलाका हुलाक कार्यालय बन्द गरिएको छ । "जिल्लाभर १२ वटा इलाका हुलाक कार्यालय थिए", मगरले भन्नुभयो, "एक स्थानीय तह, एक इलाका हुलाक कार्यालय कार्यक्रम लागू भएसँगै एउटा कार्यालय बन्द गरिएको हो ।" जिल्लामा हाल ११ वटा मात्र इलाका हुलाक कार्यालय र २५ वटा अतिरिक्त हुलाक कार्यालय रहेको उहाँले जानकारी दिनुभयो ।

ती कार्यालयले हुलाकमार्फत आउने चिठी पत्र गाउँघरमा लैजाने काम गर्थे । तर पछिल्लो समय प्रविधिमा भएको विकासले चिठी आदानप्रदानको सङ्ख्या घट्दो छ । व्यक्तिगत चिठीपत्र तथा सामग्री निकै कम मात्रामा आउने गरेको कार्यालयले जनाएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को फागुन मसान्तसम्म कार्यालयमा १२ हजार सात सय ६५ वटा चिठीपत्र आदानप्रदान भएका छन् । जसमध्ये करिब ८० प्रतिशत चिठी सरकारी कार्यालयका छन् । बाँकी २० प्रतिशत भने व्यक्तिगत रहेको सूचना अधिकारी मगरले बताउनुभयो । "व्यक्तिगतअन्तर्गत धेरैजसो बैंक तथा वित्तीय संस्थाहरुको चिठीहरु नै हुन्छन्", उहाँले भन्नुभयो । कार्यालयको तथ्याङ्कअनुसार गत आव व्यक्तिगत र सरकारी गरी कूल २२ हजार दुई सय ३० वटा चिठीपत्र आदानप्रदान भएको थियो । आव २०७९/८० मा १७ हजार ४९ र २०७८/७९ मा १६ हजार ३४ वटा चिठीपत्र आदानप्रदान भएको कार्यालयले जनाएको छ ।

# मुस्ताङमा हालसम्म तीन लाख १७ हजार पर्यटक भित्रिए

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २१ चैत

चालु आर्थिक वर्षको हालसम्म धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङमा तीन लाख ९६ हजार ९०१ पर्यटक भित्रिएका छन् । गत साउनदेखि चैत १८ गतेसम्मको प्रहरी तथ्याङ्कअनुसार मुस्ताङमा आन्तरिक तथा बाह्य गरी उक्त सङ्ख्यामा पर्यटक भित्रिएका हुन् ।

मुस्ताङमा चालु वर्षको साउनदेखि हालसम्ममा तीन लाख ३३ हजार ८४५ आन्तरिक र ६३ हजार ५६ जना विदेशी पर्यटक जिल्लामा भित्रिएका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक विशाल अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार साउनदेखि हालसम्ममा दुई लाख ३८ हजार ३५४ पुरुष र ९५ हजार ४९१ महिला आन्तरिक नेपाली पर्यटक मुस्ताङ भित्रिएका हुन् ।

यसैगरी, ३५ हजार ६१८ पुरुष र २७ हजार ४३८ महिला विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका छन् । चालु आवको साउनदेखि हालसम्म आन्तरिक पर्यटक ८१ प्रतिशत र विदेशी पर्यटक १९ प्रतिशतले मुस्ताङ जिल्लाको भ्रमण गरेका प्रहरी निरीक्षक अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार मुस्ताङ भित्रिने बाह्य पर्यटकमध्ये ८० प्रतिशत भारतीय र २० प्रतिशत अन्य मुलुकका रहेका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार गत आवमा आन्तरिक तथा बाह्य पर्यटक गरी चार लाख ५४ हजार ३२६ ले मुस्ताङको भ्रमण गरेका थिए । जसमध्ये आन्तरिक तीन लाख ५४ हजार ९२७ र बाह्य ९९ हजार ३९९ छन् । पछिल्लो समय क्रमिक रूपमा सडक सञ्जाल सुधार हुँदै जान थालेपछि आन्तरिक तथा बाह्य पर्यटकको आगमन वृद्धि भइरहेका प्रहरी निरीक्षक अधिकारीको भनाइ छ । उहाँका अनुसार जिल्लाको पवित्र धार्मिक तीर्थस्थल मुक्तिनाथधाम र कागबेनी श्राद्धस्थलमा तीर्थ गर्न आन्तरिक पर्यटकको घुइँचो लाग्ने गरेको छ । मुस्ताङ भित्रिएका नेपाली पर्यटकहरू मुक्तिनाथ दर्शन गरी उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमाना जोडिएको कोरलानाकासम्म पुग्ने गरेका छन् । मुस्ताङ धार्मिक तथा सांस्कृतिक विविधतापूर्ण जिल्ला भएको र यहाँको पृथक भूगालले पर्यटकलाई थप आकर्षित गर्ने भएकोले बर्सेनि यहाँ आउने पर्यटकको सङ्ख्या वृद्धि हुँदै जान थालेको हो ।

राष्ट्रिय गौरवको कोरला सडक सहज हुँदै गएपछि कोरलानाकासम्म आन्तरिक पर्यटक पुग्ने गरेका लोमान्थाङ गाउँपालिका अध्यक्ष टसिनर्बु गुरुङले बताउनुभयो । यहाँ अवस्थित वर्षौं पुराना गुम्बा, माने, छोर्तेन, मठमन्दिर र ऐतिहासिक तथा पुरातात्विक सम्पदा, गुफालगायत सुन्दरताका कारण मुस्ताङ पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण गन्तव्य बन्दै गइरहेको उहाँको भनाइ छ ।

उपल्लो मुस्ताङमा ७०० वर्ष पुरानो मुस्ताङी सांस्कृतिक राजाको दरबारका साथै गुरु पद्मसम्भवसँग जोडिएका दर्जनौं धार्मिक गुम्बाहरू पर्यटकका लागि विभिन्न खोज तथा अनुसन्धानको केन्द्र बन्दै गएका अध्यक्ष गुरुङले जानकारी दिनुभयो । मुस्ताङको धार्मिक तथा सांस्कृतिक सम्पदा, यहाँको रहनसहन, जीवनशैली र स्थानीय चाडपर्वहरूको मौलिकता अवलोकन गर्न बर्सेनि आन्तरिक तथा बाह्य पर्यटकको आगमन वृद्धि हुने गरेको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल बिष्टले उल्लेख गर्नुभयो ।

# घिसिङ ...

पाण्डेयको संयुक्त इजलासले आज घिसिङलाई पदमुक्त गर्ने सरकारको निर्णयविरुद्धको रिट निवेदनमा अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । अदालतले उक्त विवादमा उठाएको विषयवस्तुको गाम्भीर्यतालाई ध्यानमा राखेर प्राथमिकताका साथ सुनुवाइका लागि अग्राधिकार समेत दिएको छ ।

आदेशमा भनिएको छ, "प्रस्तुत रिट निवेदनमा उठाइएको विषयवस्तुको गाम्भिर्यता समेतलाई विचार गर्दा चाँडो निरुपण हुनुपर्ने प्रकृतिको देखिँदा प्रस्तुत रिट निवेदनमा लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएको १० (दश) दिनभित्र प्राथमिकता क्रममा पर्ने गरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ को उपनियम (१) बमोजिम अग्राधिकार दिई पूर्ण सुनुवाईका लागि पेसी तोक्नु ।"

अदालतमा तीनदिनको निरन्तर सुनुवाइपछि आज अन्तरिम आदेश दिन अस्वीकार गर्दै शीर्ष सुनुवाइका गर्ने भएको हो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सूक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# प्रदूषण रोक्न तत्काल निर्णय लेऊ

काठमाडौं उपत्यकाको वायु प्रदूषणका कारण जोर बिजोर गाडी चलाउनु पर्ने अवस्था आएको छ । वायुप्रदूषणले गर्दा अस्वस्थ तह नाघेको छासरकारलाई प्रदूषण नियन्त्रण गर्न यथाशक्य छिटो निर्णय गर्नुपर्छ भन्ने सुझाव सरकारलाई छन् । बिहीबार काठमाडौं उपत्यकाको वायु प्रदूषण कम गर्न विज्ञहरूको सुझाव कार्यवाहक प्रधानमन्त्री सिंहले यस्तो बताएका हुन् । कार्यवाहक प्रधानमन्त्री सिंहले विज्ञहरूको सुझावका आधारमा अन्य सरोकारवाला निकायसँग समेत छलफल गरेर अघि बढ्ने बताए ।

उद्योगधन्दा र कलकारखानाको माध्यमबाट भइरहको वायु प्रदूषण रोक्न आवश्यक पहल गर्ने मन्त्री सिंहको भनाइ छ । 'चाँडै अन्य सम्बन्धित निकायसँग समेत छलफल गरेर तत्काल गर्नुपर्ने काम सरकारले गर्छ । विज्ञको सुझावका आधारमा वायु प्रदूषण कम गर्न तत्काल निर्णय गर्छौं,' उनले भने । काठमाडौंमा वायु प्रदूषणले खतराको तह पार गरेपछि सरकारले प्रदूषण कम गर्न विज्ञको सुझाव लिएको हो । विज्ञहरूले वायु प्रदूषण कम गर्न हप्तामा दुई दिन सार्वजनिक बिदा दिन सुझाएका छन् ।

विश्वको वायु गुणस्तर मापन गर्ने एयर क्वालिटी इन्डेक्स (एक्यूआई) सूचकाङ्क अनुसार केही दिनदेखि नेपाल अत्यधिक प्रदूषित देशको सूचीमा परेको छ । एक्यूआई मापनअनुसार शून्यदेखि ५० सम्म 'स्वच्छ', ५१ देखि एक सयसम्म 'सामान्य', एक सय एक देखि एक सय ५० सम्म 'सम्भावित जोखिम', १ सय ५१ देखि दुई सयसम्म 'अस्वस्थकर', दुई सय एकदेखि तीन सयसम्म 'अत्यधिक अस्वस्थकर' र तीन सय एकभन्दा माथि 'खतरनाक' मानिन्छ ।

हाल काठमाडौंमा वायु प्रदूषणको स्तर ३ सय ४८ एक्यूआई पुगी 'खतरनाक' श्रेणीमा पुगेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्रालयले उपत्यकामा वायु प्रर्दूषण बढेसँगै उच्च सतर्कता अपनाउन सबैलाई आग्रह गरेको छा खतरनाक श्रेणीमा पुगेको प्रदूषण कम गर्न तत्काल निर्णयमा जानु आवश्यक छ ।

# गजेन्द्रमोक्षनारायण–मुक्तिनाथ रथयात्रा टोली म्याग्दीमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ चैत

धार्मिक पर्यटन प्रवर्द्धन, कालीगण्डकी नदीमा मात्र पाइने शालिग्राम शिलाको संरक्षण र धार्मिक सद्भावको उद्देश्यसहित नवलपरासीको गजेन्द्रमोक्षनारायण–मुस्ताङको मुक्तिनाथ रथयात्रामा निस्किएको टोली बिहीबार यहाँ आइपुगेको छ ।

स्वामी कमलनयनाचार्यको नेतृत्वमा यही चैत १८ गजेन्द्रमोक्षनारायणदेखि सुरु भएको रथयात्रा टोली देवघाट, पोखरा, बागलुङ हुँदै म्याग्दी आएको हो । भजनकीर्तनसहित आइपुगेको रथयात्रा टोलीलाई बेनी नगरपालिकाका प्रमुख सुरत केसी, जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्य, प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालगायतले बेनीमा स्वागत गर्नुभएको थियो । बेनी बजारवासीले घरआगाडि जलघडा राखेर स्वागत गरेका छन् । बेनीदेखि धार्मिक स्थल गलेश्वर मन्दिरसम्म पैदलयात्रा गरेको रथयात्राको टोली २४ गते मुक्तिनाथ पुगेर छमहिने धार्मिक महोत्सव सुरु गर्ने कार्यक्रम छ । वैदिक सनातन संस्कार–संस्कृति, शालग्राम, कालीगण्डकी, गोवंश, जल, प्रकृति, पर्यावरण संरक्षण, सामाजिक एकता, राष्ट्रियता र आदर्श समाजको निर्माण तथा पर्यटन प्रवर्द्धन गर्नका साथै विश्वशान्ति र राष्ट्र समुन्नतिको कामना गर्ने उद्देश्यले रामनवमी पर्वको अवसरमा रथयात्रा आयोजना गरिएको स्वामी कमलनयनाचार्यले बताउनुभयो ।

वेद, उपनिषद्, रामायण, महाभारत, पुराण, गीता, विष्णुसहस्रनामलगायतस्तोत्ररत्नादि वैदिकशास्त्रको पाठपारायण, भगवद् आराधनासहित विशेष अनुष्ठान र हवन गरिने छमहिनासम्म सञ्चालन हुने महोत्सवमार्फत पाँच लाख धार्मिक पर्यटक भित्र्याउने लक्ष्य राखिएको छ ।

# पोखरामा मुख्य याममा नै पर्यटकको आवागमन कमी

**राम थापा**
गण्डकी, २१ चैत/रासस

दोस्रो मुख्य पर्यटकीय याममा पनि पर्यटनको राजधानी सहर पोखराका होटलमा अपेक्षाभन्दा कम पर्यटक छन् । अहिले यहाँका होटलको 'अकुपेन्सी' ४० प्रतिशत मात्र रहेको होटल सङ्घ पोखराका अध्यक्ष अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार गत वर्ष यही समयमा होटलमा पाहुनाको संख्या क्षमताको झण्डै ५० प्रतिशतसम्म पुगेको थियो ।

"पदयात्रामा आउने पर्यटक र मुक्तिनाथ जाने भारतीय पर्यटक पोखरामा नबसी सिधै गन्तव्यस्थल पुग्ने गरेकाले पनि होटलको 'अकुपेन्सी' कम छ", उहाँले भन्नुभयो, "नयाँ वर्ष नजिकिँएको र विद्यालय तहको परीक्षा सकिए बिदा सुरु भएकाले आन्तरिक पर्यटकको आउजाउ अब बढ्ने देखिएको छ ।" पोखरा घुम्ने र यहाँका होटलमा रात बिताउने विदेशी पर्यटकको संख्या भने अपेक्षाभन्दा कम रहेको अध्यक्ष सुवेदीले बताउनुभयो । होटल व्यवसायमा ठूलो लगानी गरेका पर्यटन व्यवसायीहरू मुख्य याममा नै पर्यटकको आवागमन कम हुँदा चिन्तित छन् । पोखरामा पर्यटक भित्राउने लक्ष्यसहित सङ्घले नयाँ वर्षका अवसरमा २०औँ फेवा नव वर्ष महोत्सवको आयोजनासमेत गरेको छ । नयाँ वर्षका बेला होटलको 'अकुपेन्सी' ९० प्रतिशतभन्दा माथि पुग्ने अपेक्षा लिइएको सङ्घका अध्यक्ष सुवेदीले बताउनुभयो ।

महोत्सव अवधिमा होटलमा ३० प्रतिशत छुटको व्यवस्था मिलाइएको उहाँको भनाइ छ । उहाँका अनुसार पोखरामा दैनिक ४० हजार पर्यटक राख्न सक्ने होटलको क्षमता छ । "अहिले दैनिक औसतमा २० हजार आन्तरिक तथा बाह्य पर्यटक पोखरामा छन्", उहाँले भन्नुभयो, "यहाँ रहेका १२ सयभन्दा बढी होटल भरिभराउ हुन दैनिक ४० हजार पर्यटक पोखरा हुनुपर्छ ।" पोखरा र आसपासका गन्तव्यस्थल घुम्न र गर्मी छल्न भारतीय पर्यटक आउने गरेका छन् । पोखरा आउने भारतीय पर्यटकमध्ये झण्डै ४० प्रतिशत मुक्तिनाथ दर्शनमा जाने गरेको पोखरा पर्यटन परिषद्ले जनाएको छ । पदयात्राका लागि विभिन्न गन्तव्यमा जाने तेस्रो मुलुकका पर्यटकले पनि केही समय पोखरामा बिताउने गरेका छन् । हवाई मार्ग र सडकमार्ग प्रयोग गरेर पर्यटक पोखरा भित्रने गरेका छन् । यहाँको प्रसिद्ध पर्यटकीय गन्तव्यस्थल अन्नपूर्ण चक्रीय पदमार्गमा पनि पदयात्री पर्यटकको चहलपहल बढेको छ । यस क्षेत्रमा चैत–वैशाख र असोज–कात्तिकको याम पदयात्राका लागि उत्तम मानिन्छ । ट्रेकिङ एशोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले चैत लागेसँगै पर्यटकको आउजाउ बढेको बताउनुभयो । "ट्रेकिङ रुटहरूमा यतिबेला पर्यटकीय चहलपहल बढेको छ", उहाँले भन्नुभयो, "शरद ऋतुपछि वसन्त याममा धेरै पर्यटक पदयात्राका लागि नेपाल भित्रन्छन् ।"

अध्यक्ष आचार्यका अनुसार पदयात्रामा विदेशी पर्यटकसँगै पछिल्लो समय आन्तरिक पर्यटकको पनि आकर्षण बढेको छ । अन्नपूर्ण संरक्षण क्षेत्रमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोराङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ, म्याग्दीको घोडेपानी, कास्कीको खुमै डाँडा, कोरी आदि पदयात्री पर्यटकको रोजाइमा पर्ने गन्तव्यस्थल हुन् । अन्नपूर्ण चक्रीय पदमार्ग पदयात्राका लागि विश्वप्रसिद्ध गन्तव्यस्थल रहेको अध्यक्ष आचार्यले बताउनुभयो । गत वर्ष पोखरालाई पर्यटनको राजधानी सहरका रूपमा घोषणा गरेपछि यस क्षेत्रमा पर्यटकको आकर्षण थप बढेको उहाँको भनाइ छ । पोखरा जोड्ने मुख्य सडकमार्ग र अन्तर्राष्ट्रिय हवाईयात्रालाई नियमित तथा व्यवस्थित बनाउन सके उल्लेख्य संख्यामा पर्यटक भित्राउन सकिने उहाँले बताउनुभयो । अध्यक्ष आचार्यले कतिपय पुराना र स्थापित पदमार्ग सडकका कारण सङ्कटमा परेकाले तिनको विकल्प खोज्नुपर्ने बताउनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का अनुसार अन्नपूर्ण क्षेत्रमा सन् २०२४ मा दुई लाख ४४ हजार ४५ जना विदेशी पर्यटक भित्रिएका थिए । जसमा दक्षिण एसियाली मुलुकका एक लाख ३२ हजार ९४ र अन्य मुलुकका एक लाख ११ हजार नौ सय ५१ रहेका थिए । उक्त संख्या हालसम्मकै बढी रहेको जनाइएको छ । त्यसअघि सबैभन्दा बढी सन् २०२३ मा एक लाख ९१ हजार पाँच सय ५८ पर्यटकले यस क्षेत्रको भ्रमण गरेका थिए । सन् २०१९ मा एक लाख ८१ हजार पर्यटक भित्रिएकामा त्यसयता कोभिड–१९ महामारीका कारण पर्यटक आगमन घटेको थियो । उक्त महामारी छँदा सन् २०२१ मा जम्मा १६ हजार एक सय पाँच पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । त्यसको अर्को वर्ष अर्थात् सन् २०२२ मा जम्मा एक लाख २९ हजार सात सय ३३ पर्यटक अन्नपूर्ण क्षेत्रमा पुगेका थिए । गत वर्षदेखि यस क्षेत्रको पर्यटन पुरानै लयतिर फर्किएको 'एक्याप'ले जनाएको छ ।

# मुना–जलजला–ढोरपाटन सडकको 'ट्र्याक' खुल्दै

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ चैत

मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प मानिएको बेनी–दरबाङ–मुना–जलजला–ढोरपाटन सडकको ट्र्याक खुल्ने चरणमा पुगेको छ ।

चालु आवमा सङ्घीय सरकारले विनियोजन गरेको रु पाँच करोड बजेटबाट सडक डिभिजन कार्यालयले म्याग्दीको धौलागिरि गाउँपालिका–२ मरेनीदेखि ढोरपाटन जोड्ने सडकको ट्र्याक खुल्न लागेको हो । हालसम्म तीन किलोमिटर 'ट्र्याक' खुलेको र थप पाँच किलोमिटर खोलेपछि यो बाटो ढोरपाटनसँग जोडिने धौलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले जानकारी दिनुभयो ।

सडक डिभिजन कार्यालयले रु एक करोडको लागतमा मुना–खोरीया–मरेनी खण्डमा स्तरोन्नति जारी राखेको छ । बेनीबाट मुना–खोरीया–मरेनी हुँदै करिब ५६ किलोमिटर ट्र्याक खुलिसकेको र ढोरपाटनबाट जलजलासम्म पनि १० किलोमिटर कच्ची सडक बनेको धौलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो । "बेनीबाट दरबाङ–मुना–जलजला–ढोरपाटन हुँदै पूर्वीरुकुमको टकसेरा जोड्ने सडकको ट्र्याक खुलेपछि मध्यपहाडी लोकमार्गको बागलुङ खण्डभन्दा ७० किलोमिटर दूरी छोटिन्छ", उहाँले भन्नुभयो, "पूर्वीरुकुमको टकसेराबाट ढोरपाटनको निसिलढोरसम्म आठ किलोमिटर सडकले जोडिन बाँकी छ ।" म्याग्दीको धौलागिरि गाउँपालिका–२ खोरियामा पाँच वर्षअघि पुगेको सडकलाई ढोरपाटनसँग जोड्न १९ किलोमिटरको विस्तृत परियोजना प्रतिवेदन बनाएर गाउँपालिकाले सङ्घीय सरकारसँग योजना तथा बजेटको प्रस्ताव गरेको थियो । बेनी– तातोपानी–बाबियाचौर–तोलावाङसम्म २० किलोमिटर सडक प्रदेश सरकारको लगानीमा कालोपत्र भएको छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पश्चिम नवलपरासीमा व्यावसायिक च्याउखेती

**रासस**
नवलपरासी, २१ चैत

पश्चिम नवलपरासीमा च्याउखेतीमा किसानको आकर्षण बढ्न थालेको छ । केही वर्षअघि सम्म परीक्षणका रूपमा खेती सुरु गरेका किसानले अहिले व्यावसायिक उत्पादन गर्न थालेका हुन् ।

वैदेशिक रोजगारमा जानुभन्दा स्वदेशमा केही गर्नुपर्छ भन्ने उद्देश्य बोकेर 'जय माँ दुर्गे बहुउद्देशीय कृषि फार्म' दर्ता गरेर पाल्हीनन्दन गाउँपालिका–३ का ४५ वर्षीय तारेन्द्र बर्माले व्यावसायिक रूपमा च्याउखेती गर्न थाल्नुभएको हो ।

कुश्मा सेवा केन्द्रमा च्याउखेतीसम्बन्धी तालिम लिएर १० वर्षदेखि आर्गनिक खेती गर्दै आएको बर्माले बताउनुभयो । करिब रु दुई लाख लागतमा एककठ्ठा जग्गामा दुई हजार ५०० सय प्लास्टिकका थैलामा च्याउ उमारिएको बताउँदै सुरुका वर्ष खेतीसम्बन्धी आफूलाई ज्ञान नभएकाले केही नोक्सानी भएको उहाँले अनुभव सुनाउनुभयो ।

"जाडोमा उत्पादन बढेसँगै बजार मूल्य घट्छ, गर्मीको समयमा तापक्रम बढेसँगै च्याउ उत्पादन घट्छ । यसवर्ष उत्पादन र बजारीकरणमा कुनै समस्या आएन भने रु पाँच लाख बराबरको च्याउ बिक्री गर्ने लक्ष्य छ", उहाँले भन्नुभयो । आज कृषि विकास निर्देशनालय बुटवलका बागवानी निर्देशक सन्देश धिताल, कृषि ज्ञान केन्द्र नवलपरासीका प्रमुख रवीन्द्रनाथ चौबेलगायत कर्मचारीले बर्माले उत्पादन गर्नुभएको च्याउ फार्मको अवलोकन गर्नुभयो ।

जिल्लामा २५ जना किसानले व्यावसायिक रूपमा च्याउखेती गरिरहेका कृषि ज्ञान केन्द्रका प्रमुख चौबेले जानकारी दिनुभयो । केन्द्रले किसानको सहजताका लागि समन्वय र सहकार्य गरिरहेको उहाँको भनाइ छ ।

# बागलुङमा पिकअप दुर्घटना हुँदा एकको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ चैत

बागलुङमा पिकअप जिप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छभने तीनजना घाइते भएका छन् ।

जिल्लाको गलकोट नगरपालिका–३ हटिया बजारदेखि कोटमैदान जाँदै गरेको ग१ज ६१०० नम्बरको पिकअप दुर्घटना हुँदा गलकोट नगरपालिका–११ रिघाका २२ वर्षीय विष्णु रानाको मृत्यु भएको हो । दुर्घटनामा गलकोट–५ सर्दाखेतका २२ वर्षीय राजन विक, वडा नम्बर ४ डाँडाखेतका १९ वर्षीय रमेश सुनार र वडा नम्बर ३ बोहराफाँटका १९ को अशोक बोहरा घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिनुभयो ।

पिकअपमा चारजना सवार रहेको उहाँको भनाइ छ । घाइते तीन जनाको गलकोट नगर अस्पतालमा उपचार भइरहेको यादवले जानकारी दिनुभयो । चैतेदसैँ मेलाका लागि कोटमैदान जाँदै गर्दा पिकअप दुर्घटनामा परेको उहाँले बताउनुभयो ।

## बागलुङ जिल्ला भित्रको वन व्यवस्थापनको आवधिक योजना सहित रणनीतिक योजना कार्यान्वयनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२२)**

गण्डकी प्रदेश, बागलुङ जिल्ला, डिभिजन वन कार्यालय, बागलुङद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | डिभिजन वन कार्यालय, बागलुङ<br>सम्पर्क नं.: ०६८–५२०१३५<br>ईमेलः dfobaglung@gmail.com |
| प्रस्तावको व्यहोरा | बागलुङ जिल्ला भित्र रहेका वनहरुको दिगो व्यवस्थापनको लागि आवधिक योजना सहितको रणनीतिक योजना कार्यान्वयन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला पालिका | बागलुङ जिल्लाका सबै स्थानीय तह |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री डिभिजन वन कार्यालय,बागलुङ
फोन नं.: ९७७–०६८–५२०१३५, ईमेलः dfobaglung@gmail.com
२. श्री वन तथा वातावरण मन्त्रालय, पोखरा, कास्की, गण्डकी प्रदेश
फोन नं.: ९७७–०६१–४६७६५४, ईमेलः moitfe4@gmail.com
३. श्री ग्रिनविच ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा. लि., बानेश्वर, काठमाडौं
फोन नं. ९७७–९८४६४०४११८, ईमेलः greenheraldeec@gmail.com

# रैथाने खाद्यान्नको 'ब्राण्डिङ' गरी 'अनादीको खट्टे' उत्पादन

**पोखरापत्र संवाददाता**
तनहुँ, २१ चैत

भानु नगरपालिका-१२ कवाचितस्थित रुप एण्ड अर्गानिक एग्रो फार्मले रैथाने खाद्यान्नको 'ब्राण्डिङ' गरी 'भानुको अनादीको खट्टे' उत्पादनमा जुटेका छन् । अनादीको चामललाई प्रवर्द्धन र आम्दानीसँग जोड्ने उद्देश्यले फार्मले भानुको अनादीको खट्टे बजारमा ल्याएको हो ।

जिल्ला तथा नगरपालिका क्षेत्रमा उत्पादित अनादीको धानखेतीमा प्रोत्साहन पुऱ्याउने लक्ष्यका साथ ब्राण्डिङ गरी अनादीको खट्टेबजारमा ल्याइएको फार्मका सञ्चालक रामकृष्ण अधिकारीले बताउनुभयो । भानु नगरपालिकाको समन्वयमा अनादी धानलाई खट्टे बनाएर बजार पठाइएको हो । अनादीको धानखेती लोपोन्मुख भएकाले यसको प्रवर्द्धनका लागि अनादीको खट्टे बनाइएको उहाँले बताउनुभयो । "अनादीको धानखेती कम हुने गरेको छ, बढी उत्पादन लिने लक्ष्यका साथ स्थानीयले अन्य प्रजातिका धान लगाउने गर्दछन्", सञ्चालक अधिकारीले भन्नुभयो, "रैथाने धान संरक्षण, प्रवर्द्धन तथा ब्राण्डिङ गरी आयसँग जोड्न अनादीको खट्टे बजारमा ल्याएका हौँ ।" भानु नगरपालिका कृषि विकास शाखाका प्रमुख विनोद थापा मगरले नगरपालिकाले रैथाने बाली कार्यक्रमअन्तर्गत ब्राण्डिङ र प्याकेजिङमा नगरपालिकाको सहयोग रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "खाना, प्रविधि र गुणस्तर नियन्त्रणको विभागीय परीक्षण नगरपालिकाले गरेका छ, उत्कृष्ट ठहरिएपछि अनादीको खट्टे बजार पठाउन स्वीकृति दिइएको हो ।" नगरपालिकाका १३ वटै वडा तथा जिल्लाका किसानले उत्पादन गरेका अनादीलाई खट्टे बनाएर बजार पुऱ्याउने गरिएको कृषि शाखाले जनाएको छ ।

# बसाइँसराइ रोक्न ग्रामीण क्षेत्रमा विकासका योजना सञ्चालनमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ चैत

सहरी विकास मन्त्रालयले चालु आर्थिक वर्ष २०८१/८२ मा करिब रु. १७ करोडको लागतमा यातायात पूर्वाधार निर्माण सम्बन्धी १६ वटा योजना सञ्चालनमा ल्याएको छ। मन्त्रालय अन्तर्गतको स्थानीय पूर्वाधार विकास आयोजना पोखरा मार्फत् दुई झोलुङ्गे पुल, नौ वटा सडक र सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङ मार्फत् तीन वटा सडक योजना विभिन्न निर्माण कम्पनीसँग रु १५ करोड १७ लाख २२ हजार छ सय ४६ मा ठेक्का सम्झौता गरि कार्यान्वयन गरिएको हो ।

चालु आर्थिक वर्षमा रु. एक करोड ६० लाख बजेट बिनियोजन भएको दुई वटा योजना ठेक्का प्रक्रीयामा छन भने रु. एक करोड १० लाख बजेटका दुई वटा योजनालाई बहुबर्षीय ठेक्का आव्हान गर्न मन्त्रालयमा स्रोत सहमतिका लागि प्रस्ताव गरिएको छ । झोलुङ्गे पुल बाहेकका आयोजनाहरू चालु आर्थिक वर्षभित्रनै सम्पन्न हुने प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजा (खम्बिर)ले बताउनुभयो। योजनाहरू मार्फत ग्रामिण क्षेत्रमा सहज यातायात सेवाको पहुँच विस्तार भई बसाईसराई घटाउने अपेक्षा गरिएको उहाँले बताउनुभयो । सघन शहरी तथा भवन निर्माण योजना मार्फत रु. चार करोड ७५ लाख बजेट बिनियोजन भएको बेनी नगरपालिकामा एकिकृत शहरी पूर्वाधार विकास गर्ने कार्यक्रम अन्तर्गत रु. तीन करोड १९ लाखमा ठेक्का सम्झौता भएको बेनी नगरपालिका-८ कालीपुल देखि वडा नं.-७ मा रहेको दरवाङ बसपार्क जोड्ने बेनी चक्रपथ सडक ढलान गर्ने योजना शुरु भएको छ ।

उक्त कार्यलय मार्फत रु. ६५ लाख ३८ हजार ५३ को लागतमा कुहुँ-टोड्के-झि र रु. एक करोड तीन लाख २८ हजार ६२ मा मौवाफाँट-दग्नाम-दरमिजा-चिमखोला हुदै कुइनेमंगले सडक स्तरोन्नति योजना कार्यान्वयन भएको छ। योजनाका ईञ्जिनियर बिरबल सुनारले ५० शैया क्षमताको बेनी अस्पतालको भवन निर्माण अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । स्थानीय पूर्वाधार विकास आयोजना मार्फत रु. चार करोड ७० लाख ३६ हजार २५० को लागतमा धवलागिरी गाउँपालिकाको मराङखोला माथी तीन सय ६५ र मुनाको दरखोला माथि ३५५ मिटर लामो झोलुङ्गे पुल निर्माणाधिन छन् । आयोजनाका ईञ्जिनियर मनिष अधिकारीले धवलागिरी गाउँपालिका-४ बगर तातोपानी कुण्ड जाने बाटोमा म्याग्दी नदीमाथि २५० मिटर लामो झोलुङ्गे पुल निर्माणका लागि चालु आर्थिक वर्षमा रु ६० लाख बजेट बिनियोजन भएको योजना कार्यान्वयनका लागि ठेक्का प्रक्रीयामा रहेको जानकारी दिनुभयो । उहाँका अनुसार सडक पूर्वाधार विकास कार्यक्रम मार्फत पाखापानी-कुइनेमंगले-मलकवाङ, गलेश्वर-दशमुरे-मौवाफाँट-दग्नाम-दरमिजा-कुइनेमंगले-घ्यासीखर्क सडक स्तरोन्नतिका लागि ठेक्का सम्झौता गरेका निर्माण कम्पनीहरूले ढलान, पक्की नाला र टेवा पर्खाल निर्माण थालेका छन् ।

वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम मार्फत मौवाफाँट-दग्नाम-दरमिजा-चिमखोला हुदै कुइनेमंगले, कुहुँ-टोड्के हुदै झिँ, अन्नपूर्ण गाउँपालिकाको दोसल्ले-काफलडाडा-नागी, मालिकाको छ्यारछ्यारे हुदै मङ्गलाको टिकावाङ र बेनी नगरपालिकाको अर्थुङ्गे देउराली-भराले-पुत्लेढुङ्गा सडक आयोजना कार्यान्वयनमा रहेका छन् । एक करोड बजेट बिनियोजन भएको धवलागिरी गाउँपालिकाको लुलाङ-गुर्जा सडक स्तरोन्नति योजना ठेक्का प्रक्रीयामा छ । रु. ५० लाख बजेट बिनियोजन भएको बेनीको मंगलाघाट र बगरफाँट जोड्ने म्याग्दी नदीमा मोटरेबल पुल निर्माण सम्बन्धी योजनाको बहुबर्षीय ठेक्का आव्हानका लागि गरिएको प्रस्ताव अर्थ मन्त्रालयले स्विकृत गरेको छैन् ।

# चिमखोलाको भूमेपूजाले आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ चैत

यहाँको रघुगङ्गा गाउँपालिका-७ चिमखोलाको भूमेपूजा आन्तरिक पर्यटन प्रवर्द्धनको माध्यम बनेको छ । परम्परागत रूपमा हुँदै आएको भूमेपूजामा गरिने सांस्कृतिक उत्सवले आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याएको स्थानीयको बुझाइ छ ।



मगर समुदाय बाहुल्य क्षेत्रमा प्रकृतिपूजाका रूपमा भूमेपूजा गरिने भए पनि चिमखोलामा यस अवसरमा अनौठा र मौलिक संस्कृतिको प्रस्तुति राख्ने गरिन्छ । त्यसमा स्थानीयवासीका साथै आन्तरिक पर्यटकहरू रमाउन गरेका स्थानीय याम रोकाले बताउनुभयो । यस वर्ष पनि मङ्गलबार विधिपूर्वक भूमे र स्थानीय शक्तिपीठका रूपमा परिचित मण्डली बजैको पूजा गरियो र बुधबार गाउँको सांस्कृतिक चिनारीलाई प्रस्तुत गरिएको उहाँले बताउनुभयो । यहाँ हरेक वर्षको चैत महिनामा पर्ने उजेली मङ्गलबारको दिनमा भूमेपूजा गर्ने प्रचलन छ । भूमे देवतालाई खुसी बनाउन यहाँ भूमेपूजामा मोसो, छ्याङका छोक्रा एकापसमा दलेर नाचगान गर्ने अनौठो प्रचलन छ ।

गाउँको सेवाङमा रहेको भूमेथानमा स्थानीयवासी, देशविदेशबाट आएका चिमखोलावासीसँगै छिमेकी गाउँबाट पुगेका पाँच सयभन्दा बढीले यसपटक भूमेपूजा गरेको वडाअध्यक्ष थकप्रसाद पाइजाले बताउनुभयो । "पहिले गाउँका स्थानीयले मात्र पूजा गर्थे, हाल यहाँको भूमेपूजामा हुने मौलिक र अनौठो संस्कृतिले छिमेकीगाउँ र आन्तरिक पर्यटकहरू पनि यहाँ आउने गरेका छन् । देशविदेशमा पुगेका स्थानीयवासीसमेत भूमेपूजालाई ठूलो चाडका रूपमा मनाउन आएका छन्", उहाँले भन्नुभयो । भूमेपूजा यहाँको सांस्कृतिक चिनारी नै बनेको छ । छ्याङलाई भूमेपूजामा मुख्य प्रसादका रूपमा ग्रहण गर्ने गरिन्छ भने भूमे थानमा पूजा गरेपछि मोसो र छ्याङको छोक्रा दलेर बाजागाजासँगै नाचगान गर्दै खुसियाली मनाउने चलन रहेको छ । यसलाई यहाँ पुग्ने आन्तरिक पर्यटकहरूले अनौठो संस्कृतिका रूपमा लिने गरेका छन् । प्रकृतिलाई खुसी बनाएर कुनै प्राकृतिक प्रकोप र विपत्ति नहोस् र खेतीबाली राम्रो होस् भन्ने कामनाले भूमेपूजा गर्ने प्रचलन रहेको स्थानीयवासी बताउँछन् । भूमेपूजाको भोलिपल्ट गाउँमा सांस्कृतिक उत्सव हुनेगर्छ । भूमेपूजाका अवसरमा टोपानाच प्रदर्शन गरिन्छ । छेमाहरूले टोपानाच प्रदर्शन गरेका हुन् भने सरमाजाले, जुरेचल्ला, दुलहादुलहीको कलस जुधाउने नाचसँगै पुख्यौंली र थालीनाचलगायतका मौलिक कला र संस्कृति प्रदर्शन गर्ने गरिएको चिमखोलाका वडाअध्यक्ष पाइजाले जानकारी दिनुभयो । यस पटक भूमेपूजाका अवसरमा चिमखोलामा स्थानीय मण्डली युवा क्लबको आयोजनामा विविध खेलकुद तथा सांस्कृतिक मेला सुरु भएको छ । भूमेपूजा र मेलामा रमाउनका लागि जिल्लाका विभिन्न ठाउँका युवायुवतीसँगै देशविदेशमा छरिएकाहरू चिमखोलामा पुगेका छन् ।

# एक बालिकाको उपचारका लागि ६८ लाखभन्दा बढी जुट्यो

**पोखरापत्र संवाददाता**
बागलुङ, २१ चैत

बागलुङ नगरपालिका-७ निवासी चार वर्षीया बालिकाको उपचारका लागि रु ६८ लाख ८६ हजार सङ्कलन भएको छ ।

स्थानीय चार वर्षीया बालिका शुभेच्छा खत्रीको उपचारका लागि रकम सङ्कलन भएको परिवारले जनाएको छ ।

'मिर्गी' नामक रोग लागेपछि ती बालिकाको हाल भारतको गङ्गाराम अस्पतालमा उपचार भइरहेको छ। कमजोर आर्थिक अवस्थाका कारण उपचारमा समस्या भएको भन्दै गत फागुन २० गते पत्रकार सम्मेलन गरेर सार्वजनिक गरिएपछि सहयोग अभियान सुरु भएको थियो । यही चैत १९ गते अभियान बन्द गरिएको छ। रु ५० लाख सङ्कलन गर्ने उद्देश्य राखिएकामा यस अवधिमा रु ६८ लाख ८६ हजार सङ्कलन भएकाले अभियानलाई बन्द गरिएको बालिकाका बुबा सागर खत्रीले जानकारी दिनुभयो । बालिकाको उपचारमा परिवारले रु ५० लाख खर्च गरिसकेपछि आर्थिक अभाव भएकाले सहयोग अभियान थालिएको उहाँले बताउनुभयो । अभियानको एक महिनामै देश विदेशमा रहेका आमनेपालीबाट लक्ष्यभन्दा बढी रकम सङ्कलन भएको खत्रीले बताउनुभयो ।

# जलविद्युत्को कामले स्थानीय र पर्यटकलाई सास्ती

**पोखरापत्र संवाददाता**
मनाङ, २१ चैत

जिल्लाको नार्सौं गाउँपालिका-९ दानाक्युमा १३५ मेगावाट क्षमताको निर्माणाधीन मनाङ-मर्स्याङ्दी जलविद्युत् आयोजनाका कारण स्थानीय र पर्यटकले सास्ती भाग्नुपरेको छ ।

जलविद्युत्को टनेल, सुरुङ निर्माण तीव्र रूपमा सञ्चालन भइरहेको अवस्थामा 'बमब्लाष्टिङ' र ठूला सवारीसाधनको प्रयोगले स्थानीय तथा पर्यटकलाई समस्या हुँदै आएको हो । मनाङ पर्यटकीय क्षेत्र भएकाले यो समय विश्वका पर्यटकको आगमन हुने गर्दछ। बिना जानकारी आयोजना निर्माणस्थलमा बमब्लाष्टिङ गर्दा पैदलयात्रामार्फत यहाँ आउने पर्यटक तर्सने गरेका छन् । आयोजना निर्माण क्षेत्रमा पर्ने स्थान भएर आउने पर्यटकले ठूला सवारीसाधनबाट निस्कने धुलोले सास्ती हुने गुनासो गरेका छन् । यसले पर्यटकीय 'सिजन' सुरु भएको अवस्थामा पर्यटक आगमनमा असर गर्ने व्यवसायीको भनाइ छ । बस्ती व्यवस्थापन बिना आयोजनाले बमब्लाष्टिङको काम गर्दा स्थानीयको घर चर्किने र तर्सिने गरेको चामे गाउँपालिका-३ का वडाध्यक्ष विनोद लामाले गुनासो गर्नुभयो । "आयोजनाले बस्तीको व्यवस्थापन नगरी कामलाई तीव्रता दिएपछि स्थानीयको गुनासो बढी आइरहेको छ ।

कतिपयले बमब्लाष्टिङ गर्दा घर चर्किएको जानकारी दिनुभएको छ", उहाँले भन्नुभयो । चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले स्थानीयको गुनासो आयोजनाले सम्बोधन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "स्थानीयको गुनासो आयोजनाले सम्बोधन नगरी अघि बढ्न आग्रह गर्दछौँ । स्थानीय र पर्यटकको सुरक्षालाई मध्यनजरमा राखी सुनुवाइका लागि दबाब दिइरहेका छौँ ।" यो आयोजना पनि मनाङवासीको भएकाले बस्तीलाई सुरक्षित बनाउनेतर्फ योजनाबद्ध काम गर्न उहाँले आयोजना कार्यालयलाई आग्रह गर्नुभयो । बुटवल पावर कम्पनीका सहायक निर्देशक एवं मनाङ-मर्स्याङ्दी जलविद्युत् आयोजनाका उपमहाप्रबन्धक प्रतिकमान सिंहप्रधानले यहाँको मौसमअनुसार यो समय आयोजनाको काम गर्ने उपयुक्त भएकाले तीव्रता दिइएको बताउनुभयो । उहाँले भन्नुभयो, "काम गर्ने समय उपयुक्त र पर्यटक आगमनको पनि यही समय उपयुक्त भएकाले केही समस्या भएको हो । समस्या समाधान गर्न समन्वय तथा गुनासो सम्बोधन गर्दै अगाडि बढ्ने छौँ ।" ठूलो आयोजना भएकाले यहाँ उपयोग हुने स्रोतसाधन पनि ठूला हुने भन्दै शान्त रहेका स्थानमा केही समस्या आएको उपमहाप्रबन्धक प्रधानले स्वीकार्नुभयो । उहाँले भन्नुभयो, "आगामी दिनमा समन्वयमार्फत स्थानीय र पर्यटकलाई सहज बनाउने गरी काम गर्नेछौँ ।" स्वच्छ, शान्त भनेर चिनिएको मनाङमा पर्यटक आवागमनका समयमा बमब्लाष्टिङ, धुलोले समस्या निम्त्याउन थालेपछि पर्यटकको सङ्ख्यामा कमी आउने जोखिम बढेको स्थानीय व्यवसायी बताउँछन् । जिल्लाको मुख्य आयका रूपमा रहेको पर्यटन व्यवसायलाई सहज बनाउने गरी निर्माण गर्नुपर्ने व्यवसायीको भनाइ छ । "आयोजनाको बाध (ड्याम), मेसिनरी पर्खाल, सडक विस्तारको काम भइरहेको छ, यहाँको मौसमअनुसार सम्झौतामा तोकिएको समयमा सम्पन्न गर्ने उद्देश्यले कामलाई तीव्रता दिइरहेका छौँ", प्रधानले भन्नुभयो ।

आयोजनालाई निर्धारित समयमा सम्पन्न गरी मनाङलाई उज्यालो बनाउन सहयोग पुऱ्याउने लक्ष्य आयोजनाको रहेको उहाँले बताउनुभयो । चामे-३ कोतोमा बाध (ड्याम) निर्माण भइरहेको उपमहाप्रबन्धक प्रधानले जानकारी दिनुभयो । उहाँका अनुसार सुरुङ खन्ने, पावर हाउस, सडक निर्माणलगायत काम भइरहेका छन् । नार्सौं गाउँपालिका-८ र ९ मा पावर हाउस र सुरुङ खन्ने काम भइरहेको आयोजनाले जनाएको छ । चामे गाउँपालिका-१, २ र ३ तथा नार्सौं गाउँपालिका-९ र ८ नम्बर वडामा पर्नेगरी निर्माणाधीन आयोजना सम्पन्न हुनेछ ।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, स्याङ्जा

**मालपोत कार्यालय स्याङ्जाबाट जारी भएको संशोधन सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना**

उप्रान्त स्याङ्जा जिल्ला अर्जुनचौपारी गा.पा. वडा नं. ६ बस्ने स्व. नर बहादुर थापाको बुहारी बम बहादुर थापाको श्रीमती मन कुमारी थापाको नाउँमा दर्ता कायम रहेको तपसिलमा उल्लेखित श्रेस्ता पुर्जामा नाम थर संशोधन गरि पाउँ भनि यस कार्यालय मिति २०८१/१२/१९ मा निवेदन माग गर्नुभएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । माग बमोजिम श्रेस्ता पुर्जा नाम थर संशोधन गरिदिनु नहुने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सबुत प्रमाण सहित आफु वा ऐनले दिन मिल्ने बारेस पठाई लिखित उजुर गर्नुहोला अन्यथा कानुन बमोजिम कारवाही भै जाने बेहोरा समेत सूचित गराइन्छ ।

तपशिल
संशोधन गरिने कित्ता जग्गा

| गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | किसिम | दर्तावाला जग्गाधनी | कैफियत |
|---|---|---|---|---|---|---|
| सतौ दरौं | ७ | ५२२ | ०-१२-३-० | खे सी | मन कुमारी थापा | यसमा जग्गा धनी मन कुमारी थापाको नाम थर संशोधन गरिपाँउ भन्ने दर्ता नं. १२३४ मिति २०८१/१२/१९ को माग निवेदन । अब कायम हुने नाम थर नेपाली नागरिता बमोजिम डिल कुमारी थापा |

ईति संवत २०८१ साल चैत्र महिना १९ गते ०३ रोज शुभम् ।



**स्याङ्जा जिल्ला भित्रको वन व्यवस्थापनको आवधिक योजना सहित रणनितिक योजना कार्यान्वयनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२२)**

गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, डिभिजन वन कार्यालय, स्याङ्जा द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | डिभिजन वन कार्यालय, पुतलीबजार, स्याङ्जा<br>सम्पर्क नं.: ०६३-४२३१३५<br>ईमेलः dfosyangja@gmail.com |
| प्रस्तावको व्यहोरा | स्याङ्जा जिल्ला भित्र रहेका वनहरुको दिगो व्यवस्थापनको लागि आवधिक योजना सहितको रणनीतिक योजना कार्यान्वयन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला पालिका | स्याङ्जा जिल्लाका सबै स्थानीय तह |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री डिभिजन वन कार्यालय, पुतलीबजार, स्याङ्जा
फोन नं.: ९७७-०६३-४२३१३५, ईमेलः dfosyangja@gmail.com
२. श्री वन तथा वातावरण मन्त्रालय, पोखरा, कास्की, गण्डकी प्रदेश
फोन नं.: ९७७-०६१-४६७६५४, ईमेलः moitfe4@gmail.com
३. श्री ग्रिनविच ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्ट प्रा. लि., बानेश्वर, काठमाडौं
फोन नं. ९७७-९८४१५३१५८२, ईमेलः geec.nepal@gmail.com